# दैलेख जिल्ला अदालत
# दैलेख

प.सं.:- ०७७/७८ फोन नं.:- ०८९-४२०१२४, ०८९- ४२०१२१

च.नं. १४५ Email: info.dcdailekh@supremecourt.gov.np

मिति २०७७।५।१

## सुचना। सुचना ।। सूचना ।।।

सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६।१२।०७ मा भएको निर्णय अनुसार अदालतका नियमित कामकारवाही र सेवा सिमित गरिएको मिति २०७६।१२।०९ देखि बन्दाबन्दी खुलेको मितिसम्मको अवधिलाई न्यायिक कामकारवाहीको प्रयोजनको लागि शुन्य अवधि मानी सो अवधिमा हदम्याद, म्याद, तारिख लगायतको गणना नगर्ने, बन्दाबन्दी खुलेको मितिले बाटाको म्यादबाहेक ३० (तीस) दिनभित्र उपस्थित भएमा हदम्याद, म्याद वा तारिख नगुज्रिने गरी सर्वोच्च अदालत, बृहत् पूर्ण इजलासबाट मिति २०७७।०२।१५ मा आदेश भएको र नेपाल सरकारको मिति २०७६।१२।०९ को निर्णयले मिति २०७६ साल चैत्र ११ गतेदेखि लागू भएको बन्दाबन्दी सम्बन्धी व्यवस्था मिति २०७७ साल श्रावण ६ गते मंगलवार मध्यरातपछि अन्त्य गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७ श्रावण ५ गते निर्णय भएको सन्दर्भमा दैलेख जिल्ला भित्रका सेवाग्राहीका हकमा मिति २०७७/४/८ गते देखि र जिल्ला वाहिरका अन्य जिल्लाबाट आउने सेवाग्राहीका हकमा मिति २०७७/५/१ देखि लागु हुने गरी बाटोका म्याद बाहेक ३० तीस दिन भित्र उपस्थित हुने भनि मिति २०७७/४/९ मा सूचना प्रकाशित गरिएकोमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/४/२६ को निर्णय बमोजिम एक जिल्लाबाट अर्को जिल्लामा सार्वजनिक यातायातका साधन २०७७/५/१६ देखि संचालन हुने भनी निर्णय भएको र सर्वोच्च अदालत बाट सोही बमोजिम मिति २०७७।४।३२ मा सुचना प्रकाशित भएकोले सर्वोच्च अदालत बृहत् पूर्ण इजलासको मिति २०७७/२/१५ गतेको आदेशको व्यवस्था र प्रदान भएको सुविधामा प्रतिकूल असर नपर्ने गरी दैलेख जिल्ला अदालत, वार इकाई दैलेख र सरकारी वकिल समेतको उपस्थितिमा मिति २०७७/५/१ गते वैठक वसी देहाय बमोजिमको निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. दैलेख जिल्ला भित्रबाट आउने सेवाग्राहीहरुको हकमा यस अदालतबाट मिति २०७७/४/९ गते प्रकाशित सूचना बमोजिम नै मिति २०७७/४/८ गते देखि म्याद, हदम्याद र तारेखमा बाटाका म्याद बाहेक ३० (तीस) दिन भित्र उपस्थित हुने,
२. यस जिल्ला भन्दा बाहिर जिल्लाबाट उपस्थित हुने सेवाग्राहीहरुको हकमा मिति २०७७/५/१६ बाट लागु हुने गरी हदम्याद, म्याद र तारेखमा बाटोको म्याद बाहेक ३० (तीस) दिनभित्र उपस्थित हुने।

२०७७/५/१
दस्तखत
उप-सचिव